कम्पनी रजिष्ट्रार द.नं. १०८१/०६५/०६६

ने.रा.बैंक/इ.प्रा./घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.

# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

'नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था' (राष्ट्रिय स्तर)

*Banking With Happiness*

Ref No. ४४६-०८१/८२

मिति : २०८१/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

युएनआई शान्तिमार्ग, काठमाण्डौं ।

विषय : वार्षिक साधारण सभा तथा सेयर दाखिल खारेज कार्य बन्द (Book Close) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८१/०९/०७ गते आईतवारका दिन वेलुका ०४:०० बजे बसेको सञ्चालक समितिको बैठक नं.२२ को निर्णयानुसार वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारण सभा मिति २०८१/०९/२९ गते सोमबारको दिन विहान ११:३० बजे धुलिखेल लज रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोकमा बोलाईएको र साधारण सभा प्रयोजनको लागि मिति २०८१/०९/१६ गतेका दिन वित्तीय संस्थाको सेयर दाखिल खारेज कार्य बन्द (Book Close) रहने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी मिति २०८१/०९/०८ गते प्रथम पटक आर्थिक अभियान दैनिकमा प्रकाशित सूचना यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

बसन्त राज लम्साल
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :

१.श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं ।

२.श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

३.श्री सिडिएस एण्ड क्लियरिङ लि.
पुतलीसडक, काठमाण्डौं ।

४.श्री एनआईएमबि एस क्यापिटल लि.
लाजिम्पाट काठमाडौं ।

Head Office : Dhulikhel-3, Kavrepalanchowk, ☎: 011-490671, Fax: 011-490672
E-mail: vlbs@vlbs.com.np | URL: www.vlbs.com.np

# विजय लघुवित्त वित्तीय संस्था लि.
# Vijaya Laghubitta Bittiya Sanstha Ltd.
*Banking with Happiness*

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
**केन्द्रीय कार्यालय:** धुलिखेल-३, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-४९०६७१, ०११-४९०६७२
इमेल: vlbs@vlbs.com .np, वेबसाइट vlbs.com .np

## सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८)**

**आदरणीय सेयरधनी महानुभावहरू,**

यस विजय लघुवित्त वित्तीय संस्था लि.को मिति २०८१/०९/०७ गते बसेको सञ्चालक समितिको २२ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारणसभा देहायको विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान:**

**मिति: २०८१ पौष २९ गते सोमबार (तदनुसार जनवरी १३, २०२५) ।**

**समय: दिनको १२:३० बजे ।**

**स्थान: धुलिखेल लज रिसोर्ट, धुलिखेल, काभ्रेपलाञ्चोक ।**

**छलफलका विषयहरू:**

**क) सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. विजय लघुवित्त वित्तीय संस्था लि. को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण तथा सो सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६२ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व. ०८१/८२ को लेखापरीक्षण कार्यको लागि कम्पनी ऐन २०६३ को दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम बाह्य लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक तथा सेवा सुविधा बारेमा निर्णय गर्ने ।

**ख) विशेष प्रस्तावहरू:**

१. सर्वसाधारणको लागि छुट्याइएको साधारण शेयर सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Issue) गर्ने सम्बन्धमा ।

२. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई साविक विजय लघुवित्त वित्तीय संस्था लिमिटेड तर्फको संस्थापक शेयरलाई नियमानुसार सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया शुरू गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. नेपाल राष्ट्र बैंकबाट प्राप्त हुने स्वीकृती बमोजिम कम्पनीको संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्वलाई प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी पुँजी संरचना परिवर्तन गर्ने सम्बन्धमा ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक संशोधन वा परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**

### साधारणसभा सम्बन्धी अन्य जानकारी

१. सोह्रौं वार्षिक साधारणसभा सम्पन्न गर्ने प्रयोजनका लागि मिति २०८१/०९/१६ गते वित्तीय संस्थाको सेयरधनी दर्ता किताव बन्द रहने छ । मिति २०८१/०९/१४ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम सेयरधनीहरूले मात्र वार्षिक साधारणसभामा भाग लिन सक्नेछन् ।

२. सम्पूर्ण सेयरधनी महानुभावहरूलाई यस लघुवित्त वित्तीय संस्थामा रहेको ठेगाना र ईमेलमा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईट www.vlbs.com.np मा पनि हेर्न सकिनेछ । साथै उक्त विवरणहरू संस्थाको केन्द्रीय कार्यालय, धुलिखेल ०३, काभ्रेपलाञ्चोकमा पनि सेयरधनी महानुभावहरूले अवलोकन गर्नसक्नु हुनेछ ।

३. साधारणसभामा भाग लिन ईच्छुक सेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाईएको सूचना तथा संलग्न प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै: नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा सवारी साधन अनुमति पत्र वा आफ्नो परिचय खुल्ने अन्य कागजात) अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।

४. साधारणसभामा भाग लिनको लागि प्रोक्सी (प्रतिनिधि) मुकर्रर गर्न चाहनेले संस्थाको केन्द्रीय कार्यालयमा साधारणसभा हुनु भन्दा ४८ घण्टा अघि दर्ता गराई सक्नुपर्नेछ । यसरी प्रोक्सी (प्रतिनिधि) नियुक्ति गरिएको व्यक्ति जुन समूहको प्रोक्सी हो, सोही समूहको संस्थाको सेयरधनी हुनुपर्नेछ ।

५. एकै सेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्नु भएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा साधारणसभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । तर यसो नगरी एक सेयरधनीले एकभन्दा बढी प्रोक्सी नियुक्ति गरिएको रहेछ भने पहिले दर्ता भएको प्रोक्सीले मान्यता पाउनेछ ।

६. प्रोक्सी (प्रतिनिधि) नियुक्ति गरीसक्नु भएको सेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्ने भएमा दिइएका प्रोक्सी स्वत: बदर हुनेछ ।

७. साधारणसभामा भाग लिने प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ११:३० बजेदेखि खुल्ला हुनेछ ।

८. संगठित संस्था सेयरधनी रहेकोमा प्रबन्धपत्र नियमावलीको अधिनमा रही उक्त संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।

९. सेयरधनी महानुभावहरूलाई अध्यावधिक तथ्याङ्क, जानकारी तथा सूचना उपलब्ध गराउन सकियोस भन्ने दृष्टिकोणले संस्था सम्बन्धी कुनै जिज्ञासा भए विविध विषय अन्तर्गत त्यसको लिखित रुपमा साधारणसभा हुनु भन्दा ७ (सात) दिन पहिले नै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, धुलिखेलमा पठाउन अनुरोध छ ।

१०. साधारणसभामा भाग लिन आउँदा जाँदाको कुनै पनि प्रकारको खर्चको शोधभर्ना वित्तीय संस्थाले उपलब्ध गराउने छैन ।

११. बुँदा ३ र ५ उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**